वितरणपूर्व जाँच

**एनेट लिथको वक्तव्य**
**मानवअधिकार अधिकृत**
**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालय**

**दिगो शान्ति तथा सबैका लागि मानवअधिकारको प्राप्ति विषयक आमसभामा प्रस्तुत**
सार्वजनिक युवा विद्यालय, सिरहा
२०६४ असोज १४

मित्र, राष्ट्रिय महिला मानवअधिकार रक्षक सञ्जालका सदस्यहरू, सम्मानित सहकर्मीहरू :

दिगो शान्ति तथा सबै नेपालीका लागि मानवअधिकारको प्राप्तिमा सहयोग गर्न आयोजित यस आमसभामा मानवअधिकार उच्चायुक्तको कार्यालयको प्रतिनिधित्व गर्दै आज यहाँ आउँदा म अत्यन्त खुसी छु।

निमन्त्रणापत्रमा लेखिएझैं, समुदायमा तपाईं जस्ता मानिसहरूमाझ संविधानसभाको निर्वाचन महिला तथा इतिहासदेखि नै सीमान्तकृत समुदायलाई राजनीतिक तथा सामाजिक मूलप्रवाहमा ल्याउनेतर्फको एउटा महत्त्वपूर्ण कदम हुनेछ र नेपालमा दिगो शान्ति सिर्जना गर्ने यो एउटा पूर्वावश्यकता हो।

समानता तथा न्यायपूर्ण शान्तिसम्बन्धी महिला बडापत्रले नेपाली महिलाहरूको अवस्थाको राम्रोसँग व्याख्या गरेको छः "महिलाहरूलाई किनारा लगाइएको छ र महिलाहरू(माझ) वर्ग, जात, धर्म, यौन अभिमुखीकरण, भूगोल, भाषा र शारीरिक अपाङ्गताका कारण सीमित भूमिका निर्वाह गर्न (दिइएको) छ।"

आफूले सामना गरिरहेको धेरै अवरोधहरूका बाबजुद धेरै महिलाहरूले पूर्वाग्रह, सीमान्तकरण तथा रूढिवादविरुद्ध आवाज उठाइरहेका छन्। यस सभाका सहभागीहरूबाट एउटा त्यस्तो समूहको प्रतिनिधित्व भएको छ – महिला मानवअधिकार रक्षक। नेपाली महिलाहरूको अवस्थामा परिवर्तन ल्याउनमा तपाईंहरू अति महत्त्वपूर्ण कर्ता हुनुहुन्छ र उच्चायुक्तको कार्यालय यो कार्य बढी सुरक्षित र बढी प्रभावकारी रूपमा गर्न सबै मानवअधिकार रक्षकहरूको क्षमता अभवृद्धि गर्न समर्पित रहेकाले महिला मानवअधिकार रक्षकहरूको विशेष स्थान छ किनभने तपाईंहरू त्यस्तो समाजमा कार्य गरिरहनुभएको छ जहाँ प्रायः महिलाहरूले गौण भूमिका निर्वाह गर्ने अपेक्षा गरिन्छ।

यो कार्य जोखिमरहित छैन। महिला मानवअधिकार रक्षकहरूलाई उनीहरूको कामले गर्दा आक्रमण गरिएको छ। गत वर्ष यहाँ सिरहामा रिक्मा विकलाई उनका गतिविधिका कारण कुटिएको थियो। अरू धेरै घटनाहरू जानकारीमा आउँदैनन्। उच्चायुक्तको कार्यालय–नेपाल स्पष्टसँग त्यस्ता आक्रमणको भर्त्सना गर्दछ र नेपालभरका मानवअधिकार रक्षकहरूलाई तिनका अत्यावश्यक कार्य सञ्चालन गर्न सहयोग गर्ने आफ्ना कार्यलाई निरन्तरता दिने वचनबद्धता व्यक्त गर्दछ।

धन्यवाद

**For further information contact Marty Logan at OHCHR-Nepal:**
**Tel: 4280164 ext.321, 98510.16922 (m) or mlogan@ohchr.org**